नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२००२८३
फ्याक्स : ०१-४२००३३६
ईमेलः municipal@mld.gov.np

प.सं. २०७३/०७४
च.नं. ५.१-६५

मिति : २०७३।०८।२४

विषय :- आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।

**श्री काठमाण्डौ महानगरपालिका कार्यालय,**
**श्री उपमहानगरपालिका कार्यालय, १२ वटा**
**श्री नगरपालिका कार्यालय, २०४ वटा ।**

निर्वाचन आयोग नेपालको प.सं. २०७३/०७४/निर्वाचन व्य./२ च.नं ६० मिति २०७३/८/२१ को पत्रबाट उक्त आयोगबाट मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्यक्रम पहिलो चरणमा हिमाली तथा दुर्गम २१ जिल्लाहरुमा २०७३/७/२६ देखि र बाँकी ५४ जिल्लाहरुमा यही २०७३ पौष १ गतेदेखि माघ १५ सम्म भइरहेका र कतिपय नगरपालिकाहरुमा वडा कार्यालय स्थापना नभएका कारण सो स्थानमा नगरपालिकाबाट कर्मचारी उपलब्ध नहुँदा मतदाता नामावली ससंकलन र अद्यावधिक गर्ने कार्य प्रभावित हुने भएकोले सोका लागि आवश्यक कर्मचारीको व्यवस्था गरी सहयोग गरिदिन अनुरोध भई आएकोले वडा कार्यालय वा संयुक्त वडा कार्यालय स्थापना गरी कर्मचारी व्यवस्थापन नगरेका नगरपालिकाहरुले समेत निर्वाचन आयोग नेपालको मतदाता नामावली संकलन र अद्यावधिक गर्ने कार्यमा कर्मचारी व्यवस्था गरी जिल्ला निर्वाचन कार्यालयहरुलाई सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

केशवराज पार्धे
(शाखा अधिकृत)

बोधार्थः
श्री निर्वाचन आयोग नेपाल, काठमाडौं ।
श्री सूचना तथा विद्युतीय शासन शाखाः यस पत्रलाई मन्त्रालयको वेव साइटमा अपलोड गरिदिनुहुन अनुरोध छ ।